
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ २४ गते मंगलबार ❑ 7 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## दुर्घटनाग्रस्त एटिआर जहाजको फ्लाइट डाटा र ककपिट भ्वाइस रेकर्डरमा के भेटियो ?

**रासस**
काठमाडौं, २३ माघ

पोखरामा दुर्घटनाग्रस्त यती एयरलाइन्सको एटिआर-७२ जहाजको डाटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डरको विश्लेषण तथा अनुसन्धान गर्ने काम सम्पन भएको दुर्घटना जाँच आयोगले जनाएको छ।

गत माघ १ गते काठमाडौँबाट पोखराका लागि उडेको यती एयरलाइन्सको एटिआर जहाज पोखरा अन्तर्राष्ट्रियविमानस्थलको धावनमार्गको पश्चिमतर्फ (रनवे-१२) बाट अवतरण गर्ने क्रममा दुर्घटनाग्रस्त भएको थियो । उक्त दुर्घटनाको छानबिन गर्न सरकारले गठन गरेको दुर्घटना जाँच आयोगले सिङ्गापुरस्थित ट्रान्सपोर्ट सेफ्टी इन्भेस्टिगेसन ब्यूरोमा फ्लाइट डाटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डर डाटा विश्लेषण गरेको थियो । आयोगका सदस्यसचिव बुद्धिसागर लामिछानेका अनुसार डाटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डर दुवैको डाटा विश्लेषण र अनुसन्धान गर्न आयोगका संयोजक, हवाई विज्ञ र सदस्यसचिवहरूलाई पठाइएकामा उक्त कार्य सफलतापूर्वक सम्पन्न गरी आयोगकका पदाधिकारी नेपाल फर्किएका हुन् ।



उक्त फ्लाइट डाटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डरको डाटा विश्लेषण गर्न आयोगको नेतृत्वमा सिङ्गापुर, फ्रान्स, क्यानडा र आयसाका प्रतिनिधिसमेत बसेर प्राविधिक तथा मानवीय पक्षको विश्लेषण गरिएको आयोगले जनाएको छ । सो अवसरमा सिङ्गापुरस्थित एटिआर जहाजको सिमुलेटरमा विभिन्न फ्लाइट र प्राविधिक पक्षको थप अध्ययनसमेत भएको छ ।

विज्ञसहितको विश्लेषण र अनुसन्धानबाट दुर्घटनाग्रस्त जहाज अवतरण गर्ने क्रममा 'बेस लेगमा दुवै इन्जिनका प्रोपेलरहरू फेदर'मा गएको देखिएको छ । उक्त जहाजका दुवै इन्जिन प्रोपेलर फेदरमा किन गयो भनी आयोगले प्राविधिक र मानवीय पक्षहरूको थप अनुसन्धान अगाडि बढाइसकेको आयोगका सदस्यसचिवलामिछानेलेबताउनुभयो।

आयोगले अन्तिम प्रतिवेदन पेस गर्न समय लाग्ने भएकाले हालसम्म प्राप्त सूचना र तथ्याङ्कको विश्लेषण र अनुसन्धानका आधारमा हवाई सुरक्षामा थप प्रभावकारी तुल्याउन सिफारिससहित प्रारम्भिक प्रतिवेदन ल्याउने तयारीसमेत गरेको आयोगले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

जहाज पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गको पश्चिमतर्फ 'रनवे वान टू'बाट अवतरण गर्ने क्रममा दुर्घटनामा परेको थियो । लगत्तै सरकारले दुर्घटना जाँच आयोग गठन गरेको थियो । आयोगले सिङ्गापुरस्थित ट्रान्सपोर्ट सेफ्टी इन्भेस्टिगेसन ब्यूरोमा फ्लाइट डाटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डर डाटा विश्लेषण गरेको थियो । आयोगका संयोजक, हवाई विज्ञ र सदस्यसचिव सिङ्गापुर गएका थिए । उहाँहरू अनुसन्धान र विश्लेषणपछि नेपाल फर्किएका छन् ।

## राष्ट्रियसभाको उपाध्यक्षमा माओवादी नेत्री अर्याल निर्वाचित

**रासस**
काठमाडौं, २३ माघ

राष्ट्रियसभाको उपाध्यक्षमा नेकपा(माओवादी केन्द्र) का सांसद उर्मिला अर्याल निर्वाचित हुनुभएको छ ।



सभाध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले उपाध्यक्ष पदका लागि एक जनाको मात्रै उम्मेदवारी परेको जानकारी गराउँदै अर्याल निर्विरोध निर्वाचित भएको सभालाई जानकारी गराउनुभयो । सभाध्यक्ष तिमिल्सिनाले उपाध्यक्ष अर्याललाई सफल कार्यकालको कामना गर्दै बधाईसमेत दिनुभयो ।

त्यसअघि नेकपा(एमाले) का सांसद देवेन्द्र दाहालले राष्ट्रियसभाका उपाध्यक्षका रुपमा अर्याल योग्य व्यक्तित्वका रुपमा रहेको बताउनुभएको थियो ।

उपाध्यक्षका लागि अर्याललाई निर्वाचित गरियोस् भन्ने प्रस्तावको समर्थन गर्दै उहाँले नेपालको कम्युनिस्ट आन्दोलनको एक सिद्धहस्त व्यक्तित्वलाई उपाध्यक्षका रुपमा पाउन लागेको बताउनुभयो । उहाँले भन्नुभयो, "लामो समयदेखि कम्युनिस्ट आन्दोलनमा लाग्नुभएका अर्याल स्थापित महिला र सामाजिक क्षेत्रको जिम्मेवारीमा रहेर काम गर्नुभएको सफल व्यक्तित्व हुनुहुन्छ ।"

प्रस्तावका पक्षमा आफ्नो धारणा राख्दै सांसद खिमलाल देवकोटाले महिला नेत्री एवं राष्ट्रियसभाका सदस्यका रुपमा रहनुभएका सांसद अर्यालको भूमिका नेपालको महिला आन्दोलनमा प्रशंसनीय रहेको बताउनुभयो । उहाँले महिलालाई राज्यका अन्य निकायको प्रमुखमा निर्वाचित गर्नुपर्ने धारणा राख्नुभयो ।

माओवादी केन्द्रका स्थायी समिति सदस्य रहनुभएका अर्याल पूर्वस्थानीय विकास मन्त्रीको जिम्मेवारी सम्हाली सक्नुभएको छ । विसं २०१३ असोज २० गते साविक जगरनाथपुर गाउँपालिका-५ मसिहानी, पर्सामा जन्मनुभएका अर्याल हालको ठेगाना वीरगञ्ज महानगरपालिका-२३, गण्डक चोक वीरगञ्ज हो । तत्कालीन नेकपाको चौथो महाधिवेशनबाट

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## सार्वजनिक यातायातलाई व्यवस्थित एवं मर्यादित बनाउनुपर्छ : राष्ट्रपति भण्डारी

**रासस**
काठमाडौं २३ माघ

राष्ट्रपति विद्यादेवी भण्डारीले काठमाडौं उपत्यकाको सडक व्यवस्थापन गर्न सार्वजनिक यातायातलाई व्यवस्थित एवं मर्यादित बनाउनुपर्ने बताउनुभएको छ ।

राष्ट्रपति भवन शीतल निवासमा सोमबार काठमाडौं उपत्यकाका पालिका प्रमुख तथा उपप्रमुखसँगको भेटमा उहाँले काठमाडौं उपत्यकामा बाटोको क्षमताभन्दा बढी सवारी साधन, सार्वजनिक यातायातको अपर्याप्तता र चुस्त ट्राफिक व्यवस्थापनको अभावका कारण दैनिक ट्राफिक जामको समस्या भोगिरहेको हुँदा त्यसलाई व्यवस्थित बनाउन जरुरी रहेको बताउनुभएको हो ।

"हामी सबैले दैनिकरूपमा अनुभव गर्ने एउटा समस्या सवारी जाम हो, बाटोको क्षमताभन्दा बढी सवारी साधन, सार्वजनिक यातायातको अपर्याप्तता र चुस्त ट्राफिक व्यवस्थापनको अभावका कारण हामीले दैनिकरूपमा ट्राफिक जामको समस्या भोगिरहेका छौँ", राष्ट्रपति भण्डारीले भन्नुभयो, "यो समस्या समाधानका लागि सडक चौडा गरेर मात्र पुग्दैन, साना सवारी साधनभन्दा ठूला सवारी साधनलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई व्यवस्थित एवं मर्यादित बनाउनु पर्दछ ।"

उपत्यकामा सवारी साधनको पार्किङको समस्या पनि जल्दोबल्दो समस्याका रूपमा रहेको उल्लेख गर्दै उहाँले यो समस्याको दिगो समाधानका लागि नगरपालिका तथा सम्बद्ध निकायहरूले समन्वयात्मक पहल गर्नु आवश्यक रहेको बताउनुभयो ।

काठमाडौँ उपत्यकाका सहरहरूलाई व्यवस्थित आधुनिक सहरका रूपमा विकास गर्न सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय पालिकाहरूका साथै काठमाडौँ उपत्यका विकास प्राधिकरण, अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति, विद्युत् प्राधिकरण, ट्राफिक प्रहरी, उपत्यका खानेपानी लिमिटेड एवं पुरातत्व विभाग जस्ता सरकारका विशिष्टीकृत निकायहरूबीच आपसी समन्वयको आवश्यकता रहेको उहाँको भनाइ थियो । राष्ट्रपति भण्डारीले भन्नुभयो, "उपत्यकाका सहरहरूलाई सभ्य सहरका रूपमा विकास गर्न भएका पुस्तकालय तथा वाचनालयलाई सुदृढ तुल्याउनाका साथै निश्चित दूरीभित्र सार्वजनिक पुस्तकालयको उपलब्धतालाई सुनिश्चित गर्नेतर्फ अग्रसर हुन पनि म स्थानीय पालिकासहित सम्बद्ध पक्षको ध्यान आकृष्ट गर्न चाहन्छु ।"

स्थानीय तहहरू मुलुकको आर्थिक प्रगतिका आधारभूत एकाइ हुनाका साथै सङ्घीय र प्रदेश सरकारका नीतिहरूलाई कार्यान्वयन गर्ने महत्त्वपूर्ण जननिर्वाचित अङ्ग भएको र संविधानप्रदत्त अधिकार र कर्तव्यलाई जनताको आर्थिक समृद्धिको आकाङ्क्षासँग जोड्न सके मात्र मुलुक निर्माणको सपना साकार हुन सक्ने उहाँको भनाइ थियो ।

## कांग्रेस सरकारमा जाँदैन : नेता कोइराला

**पोखरापत्र संवाददाता**
चितवन, २३ माघ

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले काङ्ग्रेस सरकारमा सहभागी नहुने बताउनुभएको छ । राष्ट्रपति पदमा कांग्रेसको उम्मेदार हुने भए पनि कांग्रस अहिले नै सरकारमा सहभागी नहुने स्पष्ट पार्नुभएको हो ।

सोमबार यहाँ पत्रकारसँग कुराकानी गर्दै उहाँले भन्नुभयो, "कांग्रेस प्रतिपक्षमै बसेर सरकारलाई खबरदारी गर्छ ।" राष्ट्रपतिको निर्वाचनमा राष्ट्रिय सहमतिको प्रयास गरिने पनि उहाँको भनाइ छ । राष्ट्रपति पद संविधानको रक्षाका लागि भएको भन्दै संविधानको रक्षा गर्नु सबैको जिम्मेवारी भएको उहाँको भनाइ छ । फरक प्रसङ्गमा उहाँले प्रेस स्वतन्त्रताबिना लोकतन्त्र पूर्ण नहुने बताउनुभयो । लोकतन्त्रबिना विकास सम्भव नहुने भन्दै उहाँले प्रेस स्वतन्त्रता कांग्रेसका लागि महत्वपूर्ण भएको बताउनुभयो । "आलोचना सहन नसक्ने व्यक्तिले राजनीति गर्नु हुँदैन, राजनीतिमा सहनशीलता चाहिन्छ", उहाँले भन्नुभयो, "सञ्चारमध्यामको काम खबरदारी गर्ने हो, अन्यथा मान्नु हुँदैन ।"

**व्यक्तिगत घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।**

◆ व्यक्तिगत घटना ३५ दिन भित्रै आफ्नो स्थायी ठेगानाको वडा कार्यालयमा गई निशुल्क दर्ता गरौं गराऔं ।
◆ जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले दिन सक्छन् ।
◆ विवाहको सूचना पति र पत्नी दुवैले दिनु पर्छ ।
◆ सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णयसहित पति वा पत्नि कुनै एक पक्षले दिन सक्छन् ।
◆ बसाई सराई दर्ता गर्दा व्यक्ति आफूमात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिनु पर्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## पेट्रोलियम पदार्थको मूल्य वृद्धि

**रासस**
काठमाडौं, २३ माघ

सरकारले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ ।

नेपाल आयल निगमका अनुसार डिजेल, पेट्रोल र मट्टितेलको साबिक खुद्रा मूल्यमा प्रतिलिटर रु तीनले बढाई पेट्रोलमा रु एक सय ७८ तथा डिजेल र मट्टितेलमा प्रतिलिटर रु एक सय ७५ कायम गरिएको छ ।

वृद्धि गरिएको मूल्य आजै राति १२ बजेदेखि लागू हुनेछ । हवाई इन्धन र एलपी ग्यासको खुद्रा बिक्री मूल्य भने यथावत् राखिएको छ । निगमद्वारा आज जारी विज्ञप्तिमा भनिएको छ, 'अनुमानित नोक्सानीको अवस्थालाई मध्यनजर गर्दै निगम व्यवस्थापनको २०७९/१०/२३ को निर्णयअनुसार आज राति १२ बजेदेखि लागू हुने गरी पेट्रोल र डिजेल/मट्टितेलको साबिकको खुद्रा बिक्रीमा वृद्धि गरिएको छ ।'

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बिटी कपमा पहिलो चरणका खेल जारी, सोमबार ८ खेल सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २३ माघ

पोखरामा जारी बुद्धटोल युवा क्लबद्वारा आयोजित १६ औं बिटी कप छैटौं विरेन स्मृति सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगितामा सोमबार ८ खेल सम्पन्न भएका छन् ।

पोखरा महानगरपालिका १ पुरानो टुडिखेल मैदानमा आज (सोमबार) भएको पहिलो खेलमा पिएन क्याम्पसले नमस्ते ब्रदर्शलाई ट्राइबेकरमा ५-४ गोल अन्रले पराजित गर्यो । खेल संयोजक विनोद गुरुङका अनुसार निर्धारित समय गोलरहित भएपनि खेला ट्राइबेकरमा पुगेको थियो । बिटी क्लब सि र याम्दी एफसीबीच भएको दोस्रो खेल १-१ गोलमा निर्धारित समय सकिएपछि ट्राइबेकरमा ४-३ गोल अन्तरले जित निकाल्यो ।

यस्तै मेरो नेपाल क्लब र माइती गोर्खाजूबीच भएको तेस्रो खेलपनि गोलरहित भएपछि ट्राइबेकरमा २-१ अन्तरले टाइबेकरमा माईती गोर्खाज् विजयी बन्यो । चौथो खेलमा हिमालय एफसीलाई जि नाइनले



२-० गोल अन्तरले पराजित गर्यो र जि नाइनको जीतमा सुमन सुनार र आशिम रोकाले समान १/१ गोलको योगदान दिए । यस्तै पाँचौ खेलमा नव प्रतिभा एफसीले सपोर्ट डेभलपमेन्ट फोरमलाई ३-० गोलको फराकिलो अन्तरले पाखा लगायो । नव प्रतिभाको जीतमा राहुल थापाले २ गोल रुविन गुरुङले १ गोल गरे ।

छैटौं खेलमा ब्रदर्श युनाइटेडले घान्द्रुकलाई ५-२ गोलको अन्तरले सहज जित निकाल्दै दोस्रो चरणमा प्रवेश गर्यो । युनाइटेलको जीतमा सफल गुरुङ, करण तामाङ, सुशान्त थापामगर र सुरेन्द्र राईले समान १/१ गोल गरेका थिए भने एक गोल घान्द्रुकको तर्फबाट आत्मघाती गोल भएको थियो ।

यता घान्द्रुकको तर्फबाट निन्ती सुनार र सफल आचार्यले सान्त्वना गोलका रुपमा समान १/१ गोल फर्काए । सातौं खेलमा दिव्यज्योती क्लबलाई त्रिशक्ति क्लबले २-० गोल अन्तरले पराजित गर्दै अघिल्लो चरणमा प्रवेश गर्यो । त्रिशक्तीको जितमा टाइसन क्षेत्री र प्रवेश ठकुरीले समान १/१ गोलको योगदान दिए । आज भएको अन्तिम तथा आठौं खेलमा शितलज्योती क्लबले लामागाँउलाई ५-० को फराकिलो गोल अन्तरले पराजित गर्यो । शितलज्योतीको जीतमा दिपेश गुरुङ र सुजन बुढाथोकीले समान २ गोल गरे भने निश्चल जिसीको १ गोलको योगदान दिए । खेल संयोजक गुरुङका अनुसार मंगलबार पनि पहिलो चरणको ६ खेल र २ खेल दोस्रोचरणका २ खेल हुनेछन् ।

आगामी फागुन १ गतेसम्म सञ्चालन हुने सो प्रतियोगिताको विजेतालाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ६१ हजार १ सय ५१ रुपैया प्रदान गरिने क्लबका अध्यक्ष असिम थापाले जानकारी दिए । उनका अनुसार उपविजेताले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख १ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई ट्रफि सहित ८ हजारद्वारा पुरस्कृत गरिनेछ । अध्यक्ष थापाले उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई जनही ६/६ हजार रुपैयाँ र ट्रफि प्रदान गरिने बताए । यस्तै अनुशासित एक टिमलाई ९ हजार र ट्रफि प्रदान गरिने छ ।

प्रतियोगितामा क्वाटरफाइनलका खेलबाट एक जना खेलाडीलाई म्यान अफ द म्याचको ट्रफी र नगदले पुरस्कृत गरिने आयोजकले जनाएको छ ।



गत माघ १६ गते पोखरा १३ पाटनवेशी निवासी संगिता सापकोटाको आगोमा जलेर असामयिक निधन भएकोमा कमलपोखरी बचत तथा ऋण सहकारी संस्था बाँझापाटनले शेयर सदस्य कल्याणकारी कोषबापत शेयर सदस्य सापकोटा परिवारलाई रु.२५,०००।- रकम संस्थाका अध्यक्ष माधब प्रसाद आचार्यले हस्तान्तरण गर्नुभयो । फोटोः पोखरापत्र

# कांग्रेस...

वामपन्थी आन्दोलनमा लाग्नुभएका अर्याल गत वर्ष भएको राष्ट्रियसभाको निर्वाचनमा मधेस प्रदेशबाट निर्वाचित हुनुभएको हो ।

समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएका अर्याल विद्यावारिधिको शोधार्थी हुनुहुन्छ । अखिल नेपाल महिला सङ्घको केन्द्रीय अध्यक्षको जिम्मेवारी सम्हाल्नुभएका अर्यालले महिला विकास अधिकृतका रुपमा पनि सेवा गर्नुभएको छ ।

तत्कालीन उपाध्यक्ष शशिकला दाहालको कार्यकाल सकिएपछि विगत एक वर्षदेखि उपाध्यक्षको पद खाली रहँदै आएको थियो । उहाँ विसं २०७८ माघ १२ गते राष्ट्रियसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । उहाँले चीन, भारत, पाकिस्तान, बङ्गलादेश, अफगानिस्तान, कीर्गिस्तान,फिलिपिन्स,थाइल्याण्ड, इन्डोनेसिया, अमेरिका, फ्रान्स, स्पेन, स्वीट्जरल्याण्डलगायतका देशको भ्रमण गर्नुभएको छ ।

उहाँका महिला सशक्तीकरण तथा समावेशीकरण एवं कार्ययोजना, कम्युनिष्ट आन्दोलनमा महिलाको भूमिका (सहाना प्रधानसँग संयुक्त लेखन) आर्थिक विकासका विषयमा अनुसन्धानमूलक लेख विभिन्न जर्नलमा प्रकाशित छन् ।

यसअघि सोमबारको बैठकमा सांसद अर्याललाई उपाध्यक्षमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दै उपप्रधानमन्त्री एवम् भौतिक योजना तथा पूर्वाधारमन्त्री नारायणकाजी श्रेष्ठले उपाध्यक्ष पदका लागि अरु सदस्यको उम्मेदवारी नपर्नु सरकारले पाएको राष्ट्रिय सहमतिको निरन्तरता रहेको बताउनुभयो ।

"सरकारले विश्वासको मत लिँदा राष्ट्रिय सहमतिको सन्देश दिनेगरी मत पाएकोमा अहिले त्यसकै निरन्तरताका रुपमा उपाध्यक्षमा पनि राष्ट्रिय सहमतिको वातावरण बनेको छ", उहाँले भन्नुभयो । यसले अत्यन्तै राम्रो र सकारात्मक सन्देश दिएको उहाँको भनाइ थियो । मन्त्री श्रेष्ठले राजनीतिक परिवर्तनपछि अहिलेको मूल कार्यभार मुलुकको अर्थतन्त्रलाई अघि बढाउनु रहेको बताउनुभयो ।

"राष्ट्रिय स्वाधीनताको रक्षा गर्दै सामाजिक न्याय सहित समृद्धिको अभियानलाई तीव्र बनाउन सबै राजनीतिक दल मिलेर राष्ट्रिय सहमतिको वातावरण बनाउँदै जानुपर्ने आवश्यकता छ र त्यसको बोध सबैतिरबाट हुँदै गएको छ", उहाँले भन्नुभयो ।

# सांसद चौधरीको मुद्दामा उच्च अदालतको कारण देखाउ आदेश

**रासस**
काठमाडौं, २३ माघ

नागरिक उन्मुक्ति पार्टीका सचेतक तथा प्रतिनिधिसभा सदस्य अरुणकुमार चौधरीको रिटमा उच्च अदालत दिपायलले सोमबार कारण देखाउ आदेश जारी गरेको छ ।

उच्च अदालतका दिपायल राजपुरका सूचना अधिकारी नरबहादुर नेगीका अनुसार चौधरीले दायर गर्नुभएको रिटमा अन्तरिम आदेश दिन अस्वीकार गर्दै उच्च अदालतले कारण देखाउ आदेश मात्र जारी गरेको हो । चौधरीले जिल्ला अदालत कैलालीले गरेको फैसलाबारे जानकारी नभएका कारण आफ्नो मुद्दामा दिएको म्याद बदर गरी थुनामुक्त गर्न माग गर्दै रिट दायर गरेका गर्नुभएको थियो ।

उच्च अदालतका न्यायाधीश अर्जुनप्रसाद कोइरालाको एकल इजलासले अन्तरिम आदेश नदिएर जिल्ला अदालत, जिल्ला सरकारी वकिलको कार्यालय र जिल्ला प्रहरी कार्यालय कैलालीका नाममा कारण देखाउ आदेश मात्र जारी गरेको सूचना अधिकारी नेगीले बताउनुभयो । उहाँका अनुसार चौधरीको मुद्दामा अन्तरिम आदेश जारी गर्नुनपर्ने कारण वा प्रमाण भए १५ दिनभित्र अदालतमा उपस्थित हुन आदेश गरिएको छ ।

उक्त मुद्दाका वादी र प्रतिवादी दुवै पक्षसँगको छलफलपछि अन्तरिम आदेश सम्बन्धमा निर्णय गर्न सकिने छ । त्यसका लागि माघ २९ गते अर्को पेशी तोकिएको छ ।

तेह्र वर्षअघिको आगजनी मुद्दामा सांसद चौधरीसहितका तीन जनालाई जिल्ला अदालत कैलालीले ६ महिना कैद र रु आठ लाख बढी क्षतिपूर्ति तिर्न आदेश दिएको थियो । सोही मुद्दामा प्रहरीले चौधरीलाई केही दिनअघि बाँकेबाट पक्राउ गरेको थियो । चौधरी हाल कैलाली कारागारमा थुनामा छन् ।

# राष्ट्रिय क्रिकेट टोलीको प्रशिक्षकमा देशाई नियुक्त

**पोखरापत्र संवाददाता**
पोखरा, २३ माघ

नेपाल क्रिकेट सङ्घ (क्यान) अन्तर्गतको मुख्य प्रशिक्षक छनोट समितिले राष्ट्रिय क्रिकेट टोलीको मुख्य प्रशिक्षकमा भारतीय प्रशिक्षक मोन्टी देशाईलाई नियुक्त गरेको छ ।

देशाई एक साताअघि नै नेपाल आउनुभएको थियो । खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले स्वीकृत दिएपछि मात्र आज देशाईलाई नियुक्त गरेको क्यानले जनाएको छ । यसअघि देशाईले सन् २०१७ मा नेपाली यु-१९ टोलीको ब्याटिङ कन्सल्ट्यान्ट समाल्नुभएको थियो । त्यसअघि उहाँले सन् २०१४ को आइसिसी टि ट्वान्टी विश्वकप छनोटको क्रममा राष्ट्रिय क्रिकेट टोलीको लागि काम गर्नुभएको थियो ।

त्यसैगरी देशाई पछिल्लो तीन वर्ष वेस्टइन्डिजमा ब्याटिङ प्रशिक्षकको रूपमा काम गर्नुभएको थियो । उहाँले सन् २०१९ देखि २०२२ को डिसेम्बरसम्म वेष्टइन्डिजमा काम गर्नुभएको हो । यसअघि क्यानले मुख्य प्रशिक्षको लागि खुला आवेदन गरेको थियो ।

जसमा २४ जनाले प्रशिक्षक सहभागी हुनुहुन्थ्यो । त्यसमध्ये क्यानले अन्तिम चरणमा पाँच प्रशिक्षकको नाम सार्वजनिक गरी अन्तर्वार्ता लिएको थियो ।

यसअघि मुख्य प्रशिक्षक मनोज प्रभाकरले राजिनामा दिएपछि नेपाली टोली प्रशिक्षकविहीन भएको थियो । घरेलु मैदानमा आयोजना हुने आइसिसी पुरुष विश्वकप क्रिकेट लिग दुईअन्तर्गत त्रिकोणात्मक एकदिवसीय सिरिजको तयारीमा नेपाल रहेको छ । जसमा देशाईले नेपाली टोलीलाई प्रशिक्षण दिनुहुनेछ । नेपाल, स्कटल्याण्ड र नामिबियाबीच हुने उक्त प्रतियोगितामा आगामी फागुन २ गतेदेखि सुरु हुनेछ ।

# नायक शाहलाई अदालतमा उपस्थित गराउन आदेश

**पोखरापत्र संवाददाता**
दमौली, २३ माघ

बालयौन दुराचारको मुद्दामा नवलपुर अदालतको फैसलापछि तनहुँ कारागारको थुनामा रहेका नायक पूर्णविक्रम (पल) शाहलाई अदालतमा उपस्थित गराउन उच्च अदालतले आदेश दिएको छ ।



नाबालिगलाई यौन दुराचार गरेको अभियोगमा नवलपुर जिल्ला अदालतले शाहलाई दुई वर्ष छ महिना कैद र रु १० लाख क्षतिपूर्तिको फैसला सुनाएकामा उच्च अदालत पोखराले शाहलाई १५ दिनभित्र अदालतमा उपस्थित गराउन आदेश दिएको हो । उक्त फैसला विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय र शाह पक्षले उच्च अदालत पोखरामा पुनरावेन दिएका थिए । उच्च अदालत पोखराका कामु मुख्य न्यायाधीश डिल्लीराज आचार्य र न्यायाधीश ऋषि राजभण्डारीको संयुक्त इजलासले दुवै पक्षलाई झिकाउने आदेश दिएको शाहका कानून व्यवसायी वरिष्ठ अधिवक्ता कमलामोहन वाग्लेले जानकारी दिनुभयो । नाबालिगमाथि जबरजस्तीकरणी गरेको अभियोगमा तनहुँ अदालतमा परेको मुद्दामा शाहले सफाइ पाइसकेका छन् ।

नवलपुर अदालतको फैसला भुक्तानका लागि शाह यतिबेला तनहुँ कारागारमा छन् । नाबालिगमाथि जबरजस्तीकरणी गरेको भन्दै शाहविरुद्ध गत फागुन ११ गते तनहुँ प्रहरीमा उजुरी परेको थियो ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

- शरिरको एक हर नचल्ने ।
- मुख बाङ्गो भएको ।
- खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
- हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# उपभोक्तालाई मूल्य बृद्धीको उपहार !

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डको नेतृत्वमा बनेको गठबन्धन सरकारले नेपाली जनतालाई पेट्रोलियम पदार्थको मूल्य बृद्धीको उपहार दिएको छासरकार नियन्त्रित नेपाल आयल निगमले इन्धनको मूल्य बढाएको छ। सोमबार  मध्यराति १२ बजेपछि लागु हुने गरी पेट्रोल र डिजेल/मट्टितिलको साविकको खुद्रा विक्री मूल्यमा प्रतिलिटर ३ रुपैयाँ मूल्य बढाएको छ। अब पेट्रोल प्रतिलिटर १७८ रुपैयाँ पुगेको छ भने डिजेल/मटितेलको मूल्य प्रतिलिटर १७५ पुगेको छ । हवाई इन्धन र खाना पकाउने ग्यासको खुद्रा विक्री मूल्य भने हाललाई यथावत् नै राखिएको आयल निगमले जनाएको छ । नेपाल आयल निगमले स्वचालित मूल्य प्रणाली अपनाउने प्रचार गर्दै आएको छ।

भारतीय आयल कर्पोरेसनले मूल्य घटाएर पठाउँदा घटाउने तत्परता देखाएको छैन । सरकारले पेट्रोलियम पदार्थमा लिदै आएको करलाई घटाउन सके पेट्रोलियम पदार्थको मूल्य बढाउन जरुरत पर्दैन । नेपाली उखान जुन जोगी आएपनि कानै चिरेको थैलो भिरेको भने जस्तै जुन सरकार बनेपनि आयल निगमको घाटा कम गर्न मूल्य बढाउने गरेको छाआयल निगममा चुहावट रोक्न , राजनीतिक हस्तक्षेप अन्त्य गरेर विधिसम्मत तरिकाले चलाउन सरकारले सकेको छैन ।मूल्य वृद्धि गरेर सजिलो बाटो रोजेको थियो ।

निगमले नेपाल सरकारको ऋण र इण्डियन आयल कर्पोरेसन लिमिटेडलाई फेब्रुअरी २०२२ मा तिर्नुपर्ने बक्यौता १६ अर्ब ३० करोड रुपैयाँ रहेको दाबी गरेको छ । सरकारले 'इण्डियन आयल कर्पोरेसन लिमिटेडको बक्यौता एवम्  सरकारद्वारा उपलब्ध गराइएको ऋणको व्यवस्थापन गर्न निगमलाई अझै चुनौती नै रहेको अवस्था छ,। निगमले विज्ञप्तिमा भनेको छ। १६ माघमा प्राप्त नयाँ खरिद मूल्यसूची बमोजिम पेट्रोलमा प्रतिलिटर ८.१ रुपैयाँ, डिजेलमा ७.९८ रुपैयाँ, मटितेलमा ४. ६१ रुपैया रहेको छ।

पेट्रोलियम पदार्थको मूल्य बृद्धीले गर्दा यातायातको भाउ बढ्छात्यसैगरी ढुवानीमा मूल्य बढ्छ। त्यसको सोझो असर महंगी बढाउने हो । सरकारले बजारको अवस्था कस्तो छ भनेर कहिल्यै चासो दिदैन।अहिले  खानेतेलको भाउमा वृद्धि भएको छ । चामलमा प्रति बोरा  चार सय रुपियाँ बढेको छ भने दाल, गेडागुडीमा समेत यही अनुपातले मूल्यमा बढोत्तरी भएको छ। घरायसी सामानको पनि भाउ बढेको छ। सरकार र राजनीतिक दलले जनताको समस्या र जनजीवनका विषयमा मौन जस्तै देखिँन्छन । नियमनकारी सरकारी निकायलाई बजार अनुगमन गर्ने फुर्सद छैन ।

राज्य जनताप्रति उत्तरदायी भएको भए बजार अराजक हुने थिएन ।सरकारको मात्र मुख ताकेर हुँदैन ।समाजप्रति सबैको केही न केही उत्तरदायित्व हुन् । यस अर्थमा समाजप्रति आयल निगम र  व्यापारीहरूको पनि उत्तरदायित्व हुन्छ । निगम, व्यापारीहरूले यस किसिमको सामाजिक उत्तरदायित्व बिर्सेर आमउपभोक्ताको शोषण गर्नुले उनीहरूको नैतिकतामाथि नै प्रश्नचिह्न उठेको छ ।  साथै उनीहरूको गैरजिम्मेवारीपन समेत प्रस्ट देखिएको छ। कतिपय कारणले अन्तर्राष्ट्रिय बजारमा समेत दैनिक उपभोग्य सामग्रीको भाउमा वृद्धि हुँदा नेपालमा बढ्नु स्वाभाविकै भए पनि बाह्य प्रभाव नहुँदा नेपाली बजारमा भाउ बढ्नु राम्रो मान्न सकिन्न ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बाँझो जमिनमा पशुपालन र खेती

–मिला दरै
तनहुँ, २३ माघ (रासस)

होटेल संघ पोखराले नेपालको हवाई क्षेत्र सुरक्षित, भरपर्दो र व्यवस्थित बनाउन आग्रह गरेको छ।

घरपरिवारसँगै काम गरेर आम्दानी लिनुपर्छ भन्ने उद्देश्यले काठमाडौँको पढाइ सकिनासाथ तनहुँको भानु नगरपालिका-१२ घलेछापका ३२ वर्षीय कुशलचन्द्र अधिकारी गाउँ फर्किनुभयो।

अधिकारीले जागिर गर्नु तथा अन्य व्यवसाय गर्नुभन्दा कृषि व्यवसायबाट राम्रो आम्दानी गर्न सकिन्छ भन्ने लागेपछि २२ वर्षदेखि बाँझो रहेको जमिनको उपयोग गर्दै अहिले मिर्लुङ बहुउद्देश्यीय कृषि फार्म प्राली सञ्चालन गरिरहनुभएको छ । उहाँले पाँच बाख्रादेखि पशुपालन व्यवसाय सुरुआत गर्नुभएको हो । समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएका कुशलले रु ४८ हजारको लगानीमा पाँच बाख्राबाट व्यवसाय सुरुआत गर्नुभएको उहाँ बताउनुहुन्छ। थोरै सङ्ख्यामा बाँझो जमिनमा घाँस लगाएर व्यवसाय वृद्धि तथा विकास गर्दै हाल बाख्रा मात्रै ६५ रहेको उहाँ बताउनुहुन्छ। उहाँको कृषि व्यवसायले दुई सय रोपनी जमिन ओगटेको छ। आफ्नो जमिनसँगै जोडिएको डेढ सय रोपनी जग्गा भाडामा लिएर उहाँले फार्म सञ्चालन गर्नुभएको छ। खोर र गोठले करिब छ रोपनी जग्गा ओगटेको छ भने बाँकीमा भैँसी, गाई, बाख्राका लागि प्रोटिनयुक्त घाँस लगाउनुभएको छ । करिब ३० वर्ष वैदेशिक रोजगारीको शिलशिलामा बहराइन बस्नुभएका कुशलका बुवा राजेन्द्रको प्रेरणाले उहाँ कृषि व्यवसायमा लाग्नुभएको बताउनुहुन्छ । "विदेशमा गरिएको दुःख स्वदेशमा गर्नसके मनग्य आम्दानी गर्न सकिन्छ भनेर प्रोत्साहन गर्नुभएकाले यो व्यवसायमा सन्तुष्ट छु", कुशल भन्नुहुन्छ । उहाँले बुवाले दिनुभएको प्रेरणाअनुसार नै गाउँ फर्केपछि गाउँमै कृषिसम्बन्धी व्यवसाय गर्नुभएको हो। "बहराइनबाट फर्केपछि बुवाले तनहुँमै बस्न रुचाउनुभयो", उहाँले भन्नुभयो, "बुवाको रुचिअनुरुप नै मैले पनि गाउँमै व्यवसाय गरेँ, कृषि व्यवसायमा लागेको देखेर छिमेकीले पढेलेखेको शिक्षित युवा पनि बाख्रापालनमा लागेको भनेर भन्नुहुन्थ्यो । लगानीसँगै आम्दानी राम्रो हुँदै गएपछि भने छिमेकीले यहीँ आम्दानीको स्रोत रहेछ भन्ने गरेको उहाँ सुनाउनुहुन्छ । उहाँले पढाइ सँगसँगै काठमाडौँमा आफ्नै 'ट्राभल्स एण्ड टुर्स' व्यवसाय गर्नुभएको थियो । उहाँ नाफामा चलेको व्यवसाय छाडेर गाउँ फर्किएर कृषि फार्म सञ्चालन गर्दै आउनुभएको हो। विसं २०६५ मा उच्च शिक्षाका लागि काठमाडौँ जानुभएका कुशल १० वर्षपछि व्यवसाय गर्ने लक्ष्यसहित गाउँ फर्किनुभएको हो । उहाँले व्यवसाय सञ्चालन गर्ने समयमा समाजशास्त्र विषयमा स्नात्तकोत्तर तहको पढाइ सकाउनुभएको बताउनुभयो। उहाँले विद्यालयका शिक्षकले शिक्षण पेशासँगै केराखेती गरेको देखेर पनि कृषि व्यवसायमा प्रेरित भएको बताउनुभयो । कुशल भन्नुहुन्छ, "बाँझो भएको जमिनको पनि उपयोग भएको छ ।" हाल उहाँले गोठमा बाख्रासँगै भैँसी, गाई, कडकनाथ कुखुरा, कालिज, मौरीपालन गरिरहनुभएको छ। विगतमा बाख्रा मात्रै पाल्नुभएका कुशलले अहिले भैँसी, गाई, कुखुरा, मौरी, कालिज थप्नुभएको हो । सङ्घर्ष धेरै भए पनि आम्दानी राम्रो हुँदै आएको उहाँ बताउनुहुन्छ। उहाँको गोठमा १२ भैँसी, एउटा ब्याडे राँगो, ६५ बाख्रा छन् । "बाख्रा नोक्सानी भएमा भैँसीबाट पूर्ति गर्न सकिन्छ, एकथरिमा नोक्सान भएमा अर्को व्यवसायबाट पूर्ति र आम्दानी लिइरहन सकिन्छ", उहाँले भन्नुभयो।

उहाँले आफैँले गाईभैँसीबाट उत्पादित दूध बिक्रीका लागि बजारसम्म पुर्‍याउने गरेको बताउनुभयो। दैनिक ७५ लिटर दूध उत्पादन गर्दै आएको र ३० लिटर बिक्री गरिन्छ भने बाँकी दूधबाट पनिर बनाएर बिक्री गर्ने गरेको उहाँ बताउनुहुन्छ। दूधको बजार नपाउँदा घ्यू, नौनी बनाएर बिक्री गर्ने गरेको उहाँ बताउनुहुन्छ । पनिर बनाउन थालेपछि स्थानीय बजारमा खपत हुने गरेको उहाँले बताउनुभयो । उहाँले फार्ममा उत्पादित पनिर प्रतिकिलो रु सात सयमा बिक्री गर्दै आएको बताउनुभयो । हालसम्म उहाँले भवनसहित करिब रु ७० लाख लगानी भएको बताउनुभयो।

उहाँले विगतमा ४०/४५ घार मौरी पाल्नुभएको थियो । मौरीले उपयोग गर्ने फलफूलमा विषादी प्रयोग गर्दा ३५ घार मौरी मरेका थिए। काठमाडौँको घरमा उहाँका पत्नी र छोराछोरी बस्दै आउनुभएको छ । कुशलले बाख्रा अनुसन्धान केन्द्र बन्दीपुरमार्फत १० दिनको तालिम लिएर बाख्राको हेरचाह र दानापानीबारे सिक्नुभयो । उहाँले सिकाइलाई सहजरुपमा अहिले उपयोग गर्नुभएको छ । उहाँले उक्त तालिममा रोग र उपचारबारे जानकारी पाउनुभयो । तालिमले काममा ऊर्जा थपिएको उहाँ बताउनुहुन्छ । उहाँले बाख्राका लागि राम्रो घाँसको बीउ र बिरूवा खोजी गरी एक सय ५० रोपनी जमिनमा सुपर नेपियर, सियोथ्री, मुलाटो, रायोखनियालगायतका घाँस लगाउनुभएको छ । उहाँले कृषि पेसामा छिमेकीलाई पनि घाँस रोप्न प्रोत्साहत गर्दै आउनुभएको छ। कुशलका अनुसार उक्त जातका घाँसमा १७ प्रतिशतसम्म प्रोटिन हुन्छ। उहाँले डाले घाँसमा किम्बु, टाँकी, निवारो, खनिउँलगायत स्थानीय प्रजातिका घाँस रोप्नुभएको छ। खसीबाख्रा बेच्न कुनै कठिनाइ नभएको उहाँ बताउनुहुन्छ । मागप्रशस्त भएकाले ग्राहक फार्ममै आउने गरेको उहाँ बताउनुहुन्छ । "धेरै ठाउँबाट खसीबाख्राको माग बढेपछि काम गर्न र उत्पादनमा जाँगर चल्ने रहेछ", उहाँले भन्नुभयो। उहाँले सुरूमा पाल्पाबाट १० घार र तनहुँकै विभिन्न ठाउँबाट मौरी ल्याएर ३५ घार मौरी आधुनिक घार बनाएर मौरीपालन पनि अगाडि बढाउनुभएको छ।

मौरीपालनको पहिलो वर्षमा मौरी र मह गरी रु तीन लाख आम्दानी लिएको उहाँ बताउनुहुन्छ । उहाँले एक वर्षमा ३५ घार मौरी बेच्नुभयो । मौरी फस्टाउँदै गएको अवस्थामा एकाएक घारमा कीरा लाग्ने र मर्ने भयो । तनहुँभरि नै यस्तो समस्या देखिएको थियो । कुशलको फार्मका मौरी मासिएका थिए। उहाँले के कारणले मरे भनेर अध्ययन गरी फेरी नयाँ १५ घार हालेर व्यवसायलाई निरन्तरता दिनुभयो। "मौरी चराउने समस्या छैन, गाउँघरमा तोरीखेती हुन्छ, चिउरी र मौरी चर्ने अरू फूल पाइन्छन्, जेठ-असार र कात्तिक-मङ्सिर गरी वर्षमा दुई पटक मह काढ्न सकिन्छ", उहाँले भन्नुभयो । यससँगै उहाँले रैथाने प्रजातिका कुखुरापालनलाई अगाडि बढाउनुभयो। उहाँ स्थानीय बजारमा कुखुराको माग राम्रो रहेको बताउनुहुन्छ । त्यसैले कुशलले रैथानेसँगै कडकनाथ खुकुरा पाल्न थाल्नुभयो । अन्यको तुलनात्मकरूपमा कडकनाथ अलि महँगो रहेको उहाँ बताउनुहुन्छ । हाल जिउँदो प्रतिकिलो रु एक हजार मूल्य पर्दछ । "यो जातको कुखुरा करिब छ महिनामै बेच्न योग्य हुन्छ", उहाँले भन्नुभयो।

अहिले उहाँको गोठमा २९ गाईभैँसी छन् भने १२ भैँसी र दुई गाई छन् । दैनिक सय लिटर दूध उत्पादन हुन्छ । सबै दूध स्थानीय बजारमै खपत हुने गरेको छ। धेरैजसो मिठाइ उत्पादकले दूध लिने गरेको उहाँ बताउनुहुन्छ।

यसपछि गाउँमा उत्पादन हुने दूध पनि किनेर डेरी उद्योग सञ्चालन गर्ने लक्ष्य रहेको उहाँ बताउनुहुन्छ। डेरी उत्पादनमा आफ्नो ब्रान्ड बनाउने सपना उहाँको छ। अब माछा पाल्ने तयारी गरेको उहाँ बताउनुहुन्छ । लगानीअनुसार आम्दानीमा सन्तुष्ट रहेको उहाँ बताउनुहुन्छ। "हाल मासिक करिब रु सात लाख बराबरको कारोबार हुन्छ", उहाँले भन्नुभयो । उहाँले परिवारका सदस्यबाहेक फार्ममा चार जना तलबमा नै कर्मचारी राख्नुभएको छ । व्यवसायबाट आम्दानी लिनुका साथै कुशल 'राष्ट्रिय युवा प्रतिभाको सम्मान-२०७८' बाट सम्मानित हुनुभएको छ। कृषि पेसाको सम्मानले काममा ऊर्जा थपिएको उहाँको भनाइ छ।

उहाँले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँबाट अनुदान एकपटक अनुदान लिएको र फार्मलाई विस्तारमा सहयोग पुगेको बताउनुभयो। कृषि क्षेत्रमा लाग्ने युवालाई सरकारले व्यवसायमा टिकाउन अनुदानभन्दा सीप सिकाउन आवश्यक रहेको उहाँको भनाइ छ। उहाँका अनुसार आधुनिक प्रविधिका सामग्री चलाउन, पशुपंक्षीको सामान्य प्राविधिक ज्ञानलाई प्राथमिकता दिन सके किसान नै आत्मनिर्भर हुने हुँदा व्यवसायिक रुपमा सञ्चालित कृषि फार्मका कृषकले प्राविधिक नपुग्दै सामान्य उपचार गर्न सक्नेछन् । व्यवसायमा धेरै नोक्सानी व्यहोर्नुपर्ने अवस्था न्यूनीकरण गर्न सकिने उहाँले बताउनुभयो । नेपाल व्यवसायी बाख्रापालन महासंघ, तनहुँको उहाँ अध्यक्ष हुनुहुन्छ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख डा बालकुमार श्रेष्ठले पशुपालक कृषकले पशुपालनका सामान्य खालका प्राविधिक ज्ञान आफैँले सिक्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "सामान्य प्राविधिक ज्ञानले किसानले पालेका पशुपक्षी बिरामी हुँदा उपचारमा सहयोग पुग्छ, प्राविधिकको अभाव रहेकाले पनि तोकिएका समयमा प्राविधिक नपुग्दा पशुपक्षी मर्न सक्छन्, यस्तो अवस्थामा सहयोग पुग्नेछ।"  जिल्लामा अहिले युवा पशुपालनतर्फ आकर्षित भएको उहाँ बताउनुहुन्छ । सामान्य खालका प्राविधिक ज्ञानको भने आवश्यकता रहेको पाइएको श्रेष्ठ बताउनुहुन्छ।

# पहाडी क्षेत्रमा मूल्य वृद्धिको चाप बढी

रासस
काठमाडौं, २३ माघ

पहाडी क्षेत्रमा मूल्य वृद्धिको चाप परेको छ। नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको छ महिनाको विवरणअनुसार पहाडी क्षेत्रमा उपभोक्ता मुद्रास्फिति सात दशमलव ३० प्रतिशत बराबर रहेको छ।

समीक्षा अवधिमा काठमाडौँ उपत्यकामा छ दशमलव ९३ प्रतिशत, तराईमा सात दशमलव ४९ प्रतिशत, पहाडमा सात दशमलव ३० प्रतिशत र हिमालमा छ दशमलव ६९ प्रतिशत मुद्रास्फीति रहेको छ। बैंकका अनुसार २०७८ को  पुस महिनामा यी क्षेत्रमा क्रमशः पाँच दशमलव २८ प्रतिशत, छ दशमलव १५ प्रतिशत, पाँच दशमलव ३४ प्रतिशत र पाँच दशमलव २२ प्रतिशत मुद्रास्फीति रहेको थियो । गत पुस महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति सात दशमलव २६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति पाँच दशमलव ६५ प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति पाँच दशमलव ६२ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति आठ दशमलव ५७ प्रतिशत रहेको छ । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत रेष्टुरेण्ट तथा होटल उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क १५ दशमलव ५६ प्रतिशत, सुर्तीजन्य पदार्थको ११ दशमलव ८१ प्रतिशत, दुग्ध पदार्थ तथा अण्डाको नौ दशमलव ७० प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको नौ दशमलव ५६ प्रतिशत र मदिराजन्य पेय पदार्थको आठ दशमलव ८४ प्रतिशतले बढेको छ । त्यस्तै गैर-खाद्य तथा सेवा समूहअन्तर्गत यातायात उपसमूहको मूल्य सूचकाङ्क १६ दशमलव ४३ प्रतिशत, स्वास्थ्यको ११  दशमलव २२ प्रतिशत, मनोरञ्जन तथा संस्कृतिको आठ दशमलव ७६ प्रतिशत, विविध वस्तु तथा सेवाको आठ दशमलव ६८ प्रतिशत र फर्निसिङ् तथा घरायसी उपकरणहरूको आठ दशमलव ३३ प्रतिशतले मूल्य बढेको छ।

# छ महिनामा भित्रियो पाँच खर्ब ८५ अर्ब विप्रेषण

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ

होटेल संघ पोखराले नेपालको हवाई क्षेत्र सुरक्षित, भरपर्दो र व्यवस्थित बनाउन आग्रह गरेको छ।

चालु आर्थिक वर्षको छ महिनामा कूल रु पाँच खर्ब ८५ अर्ब आठ करोड बराबरको विप्रेषण भित्रिएको छ। ेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको छ महिनाको अवधिममा विप्रेषण आप्रवाह २४ दशमलव तीन प्रतिशतले वृद्धि भएको हो । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह पाँच प्रतिशतले घटेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १३ दशमलव नौ प्रतिशतले वृद्धि भई चार अर्ब ५० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह पाँच दशमलव सात प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या ६४ दशमलव छ प्रतिशतले वृद्धि भई दुई लाख ७५ हजार छ सय ४३ पुगेको छ।

# भेदभाव तथा छुवाछूतका घटनामा पीडितको न्यायमा पहुँच सुनिश्चित गर्न आग्रह

■ रासस
काठमाडौँ, २३ माघ

राष्ट्रिय मानवअधिकार आयोगले जातीय भेदभाव तथा छुवाछूतका घटनामा पीडितको न्यायमा पहुँच सुनिश्चित गर्न सरकार तथा सम्बन्धित निकायसँग आग्रह गरेको छ।

जातीय भेदभाव तथा छुवाछूत विरुद्ध भइरहेका घटना सम्बन्धमा समयमै प्रभावकारी अनुसन्धान हुन नसक्दा न्याय प्राप्त गर्ने अधिकारबाट पीडितहरू वञ्चित हुनु परेको अवस्थाप्रति ध्यानाकर्षण जनाउँदै उक्त आग्रह गरेको हो। आयोगका प्रवक्ता डा टीकाराम पोखरेलका अनुसार अमानवीय र आपराधिक घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानूनी दायरामा ल्याउन र पीडितको न्याय प्राप्तिको अधिकार सुनिश्चित गर्न आयोगले तीनै तहका सरकार एवं सबै सरोकारवाला आग्रह गरेको छ। हालै रामेछाप जिल्ला लिखु तामाकोशी गाउँपालिका-५ का गणेश दमाई (परियार) को निर्मम कुटपिटबाट मृत्यु भएको भनिएको तथा जुम्ला जिल्ला सिञ्जा गाउँपालिका-२ घोडेङ्गका एक व्यक्तिले आफ्नो सामाजिक सञ्जालमा 'गाइखाने डुम र म मह खाने बाहुन कदापि एउटै हुन सक्दैन' लेखेको भनिएको घटनाका दोषीलाई प्रभावकारी कानूनी कारबाहीको माग गर्दै आयोगमा ज्ञापनपत्र आएको बताइएको छ । आयोगका अनुसार विगतमा आयोगमा जातीय विभेद र छुवाछूतका घटनाबारे उजुरी र ज्ञापनपत्र प्राप्त हुने गरेका छन्।

फेसबुक, युट्यूब जस्ता सामाजिक सञ्जालमा दलित समुदायका व्यक्तिको मानमर्दन हुने गरी गालीगलौज गर्ने, मानसिक तनाव दिने एवं जातीय भेदभाव तथा छुवाछूतजन्य क्रियाकलापलाई बढावा दिने खालका कार्य हुने गरेको आयोगको अनुगमनबाट पाइएको उल्लेख छ। अनुगमनबाट प्राप्त तथ्यका आधारमा आयोगले पीडितको न्यायमा पहुँच सुनिश्चित गर्न पटकपटक आह्वान गर्दै आएको छ।

# बालकको फोक्सो र कलेजोमा जुकाले अण्डा बनाएपछि...

■ रासस
तनहुँ, २३ माघ

जिल्लाको भानु नगरपालिका-१३ बर्खोला निवासी १६ वर्षीय बालक मनोज मौरतीको फोक्सो र कलेजोमा जुकाले अण्डा बनाएपछि उपचारमा समस्या भएको छ।

जुकाले फोक्सो र कलेजोमा गुँड बनाएर अण्डा पारेसँगै हिडाटिड सिस्ट भन्ने रोगका कारण फोक्सो र कलेजोमा आक्रमण गरेपछि आर्थिक अभावका कारण उपचारमा कठिनाइ भोग्नुपरेको हो। सोही वडास्थित अरनिको माध्यमिक विद्यालयमा अध्ययनरत मौरतीका बाबुको निधन भइसकेकाले घरका अन्य सदस्यको आयस्रोत नहुँदा उपचारमा समस्या भएको स्थानीय समाजसेवी गल गुरुङले जानकारी दिनुभयो।

आर्थिक अवस्था अत्यन्त न्यून रहेका मौरती परिवारले उपचार खर्च जुटाउन नसकेपछि गुरुङकै सक्रियतामा करिब रु दुई लाख ३० हजार सङ्कलन गरी उपचारमा सहयोग गरिएको उहाँले बताउनुभयो । बालक मौरतीको उपचारको लागि खर्च जुटाउन सोही वडा निवासी देशविदेशमा रहनुभएका व्यक्तिले सहयोग गरेका कारण उपचारमा केही हदमा सहज भएको उहाँले बताउनुभयो । फोक्सो र कलेजोमा समस्या भएपछि काठमाडौँ महाराजगञ्जस्थित शिक्षण अस्पतालमा पहिलो फोक्सोको 'ओपन सर्जरी' गरिएको छ भने दोस्रो पटक कलेजो पाइपमार्फत शल्यक्रिया गरिएको थियो । अबको दुई हप्तापछि पुनःफलोअपका लागि चिकित्सकले सम्पर्क गर्न जानकारी दिएको र अहिले दोस्रो शल्यक्रियापश्चात बालक मौरती घर फर्किनुभएको हो। बालकको उपचारका लागि अझै आर्थिक अभाव हुने देखिएकाले सहयोगी मनले सहयोग गरिदिन आर्थिक सङ्कलन अभियन्ता गुरुङले आग्रह गर्नुभएको छ।

# गैँडा संरक्षणका लागि घोषणापत्र जारी गर्दै सकियो अन्तर्राष्ट्रिय छलफल

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २३ माघ**

एशियन गैँडा संरक्षणका लागि चितवन घोषणापत्र २०२३ जारी गर्दै पाँच देशका उच्च अधिकारीको छलफल सकिएको छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले पटिहानीमा माघ २० गतेदेखि सञ्चालन गरेको अन्तर ाष्ट्रिय छलफलमा गैँडा संरक्षणमा देखिएका समस्याका उपायको खोजी गरिएको थियो । गैँडाको सङ्ख्या व्यवस्थापन, बासस्थान व्यवस्थापन, अनुसन्धान, अनुगमन तथा सूचना आदानप्रदान, समन्वय र सहकार्यमा जोड दिने निर्णय गर्दै अन्तर्राष्ट्रिय छलफल सकिएको हो । विभागका उपमहानिर्देशक अजय कार्कीका अनुसार गैँडा पाइने एशियाली राष्ट्रको ६ वटा विषयगत क्षेत्रमा छलफल भएको थियो। सन् २०१९ मा भारतमा सम्पन्न दोस्रो बैठकले जारी गरेको एशियन गैँडाका लागि नयाँदिल्ली घोषणापत्र २०१९ को पुनरावलोकनसमेत गरिएको उहाँले जानकारी दिनुभयो।

बैठकमा गैँडा संरक्षणको अवस्थासम्बन्धी राष्ट्रिय प्रतिवेदन, गैँडा संरक्षणका लागि प्रविधिको प्रयोग तथा सहकार्य, संरक्षण तथा चोरी शिकार नियन्त्रण, जलवायुपरिवर्तन तथा गैँडा संरक्षण, गैँडा संरक्षणमा अन्तर्राष्ट्रिय सङ्घ संस्थाको सहयोग लगायतका विषयमा छलफल भएको थियो। यस्तै गैँडाको बासस्थानको स्थलगत अवलोकनसमेत गरिएको थियो । पछिल्लो समय गैँडा संरक्षणमा देखिएका चुनौतीलाई कसरी समाधान गर्न सकिन्छ भन्ने विषय मुख्य रुपमा उठान भएको उहाँले बताउनुभयो । बैठकमा भुटान, भारत, इण्डोनेसिया, मलेसिया र नेपालले आ-आफ्नो देशको अनुभव, प्रविधि, साझा सवाल तथा भावी योजना जस्ता विषयमा प्रस्तुतिसहित छलफल गरिएको थियो । बैठकमा गैँडा संरक्षणका लागि सहकार्य गरी गर्नुपर्ने कार्य, भावी प्राथमिकताका क्षेत्र, गैँडाको चोरी शिकार तथा तिनका अङ्गको अवैध व्यापार नियन्त्रण, खण्डीकरण र क्षयीकरणबाट बासस्थानको सुरक्षा तथा गर्नुपर्ने सुधार जस्ता विषयमा छलफल भएको कार्कीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । यस्तै गैँडाको व्यवस्थापन, गैँडा-मानवद्वन्द्व व्यवस्थापन, वन्यजन्तुको स्वास्थ्य, सीमापार समन्वय र सहकार्य तथा जलवायुजन्य असरलाई न्यूनीकरण गर्ने विषयमा विस्तृत छलफल गरिएको थियो। छलफलका क्रममा गैँडा रहेका देश भारत, नेपाल, इण्डोनेसियालगायतका देशमा हुनसक्ने संरक्षणका चुनौतीका विषयमा छलफल भएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा महेश्वर ढकालले बताउनुभयो । उहाँले भन्नुभयो "संरक्षणका लागि निकुञ्ज, विभाग, स्थानीय सरकार र प्रदेश सरकारबीच समन्वयको जरुरी देखिन्छ।" संरक्षणका लागि निकुञ्जको व्यवस्थापनमा सबै तह वातावरण अनुकुलित भएर लाग्न सकेमा मात्रै संरक्षणमा सफल भइने उहाँको भनाइ छ। कोसीटप्पु वन्यजन्तु आरक्षमा गैँडाको वासस्थानको खोजी भइरहेको उहाँले बताउनुभयो । विकास र संरक्षणको पाटोलाई सँगसँगै लान सकेमा मात्र संरक्षणमा सहयोग पुग्ने ढकालले बताउनुभयो । निकुञ्ज र जनताबीचको सम्बन्धलाई बलियो बनाएर संरक्षणमा जुट्नुपर्ने विषयमा छलफल भएको उहाँको भनाइ छ। अहिले भारतमा तीन हजार दुई सय ६६ वटा, नेपालमा सात सय ५२ वटा र इण्डोनेसियामा एक सय ५५ वटा गैँडा रहेको तथ्याङ्क छ। मलेसिया र भुटानमा संरक्षणको कोसिस गर्दा गर्दै पनि सफल हुनसकेको छैन । पाँच बाहेकका अन्य देशबाट पनि गैँडासँग सम्बन्धित विज्ञको सहभागितामा छलफल भएको थियो । यसअघि पहिलो बैठक इण्डोनेसिया र दोस्रो बैठक भारतको दिल्लीमा भएको थियो।

# बुस्टर डोज फागुनमा आउने

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ माघ**

होटेल संघ पोखराले नेपालको हवाई क्षेत्र सुरक्षित, भरपर्दो र व्यवस्थित बनाउन आग्रह गरेको छ।

सरकारले कोरोना भाइरस सङ्क्रमण विरुद्धको अतिरिक्त मात्रा (बुस्टर डोज) को खोप आगामी फागुन पहिलोसातामा नेपाल आउने बताएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख सागर दाहालले फागुनको पहिलो हप्ता आउनुपर्ने भए पनि प्राविधिक कारणले फागुन ८ गतेभित्रमा मात्र खोप नेपाल आउने बताउनुभयो।

उहाँले र्यतालिकाअनुसार फागुन १ गतेदेखि ४ गतेभित्र ' भ्याक्सिन र खोपको लागि ग्लोबल एलायन्स' 'गाभी' ले पठाउने भने पनि प्राविधिक कारणले नेपाललाई अझै खोप आउनेबारे जानकारी नदि(एकाले ढिलाइ भएको बताउनुभयो। छिमेकी देश भारत र चीनमा कोरोना भाइरसको सङ्क्रमण फैलिँदै गएपछि सरकारले 'गाभी' सँग ३० लाखा मात्रा खोप माग गरेको हो। पहिलो चरणमा १५ लाख मात्रा खोप आउने उहाँले बताउनुभयो। गाभीले कोभ्याक्स सुविधामार्फत नेपाललाई बुस्टर डोजका लागि फाइजरको बाइभ्यालेन्ट खोप उपलब्ध गराउन थालेको हो।



रनिङ शिल्ड विजेताः
तनहुँको शुक्लागण्डकी नगरपालिकाले आयोजना गरेको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा विजेता बन्न सफल शुक्लागण्डकी-९ स्थित तालबैँसी माविका खेलाडी ट्रफी ग्रहण गरेपछि तस्बिर खिचाउँदै । तस्बिर : कृष्ण न्यौपाने

# म्याग्दीमा एम्बुलेन्स अभाव

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ माघ**

होटेल संघ पोखराले नेपालको हवाई क्षेत्र सुरक्षित, भरपर्दो र व्यवस्थित बनाउन आग्रह गरेको छ।

एम्बुलेन्स नपाउँदा म्याग्दीका बिरामीलाई अस्पताल पुऱ्याउन समस्या हुन थालेको छ।

सदरमुकाममा रहेको बेनी अस्पतालमा भएको एम्बुलेन्स पुरानो भएर बिग्रन थालेपछि 'रिफर' भएका बिरामीलाई समस्या भएको हो । अस्पतालका प्रमुख डा शङ्करराज लामिछानेले भएको एउटामात्र एम्बुलेन्स बिग्रिन थालेपछि समस्या भएको बताउनुभयो।

"हाडजोर्नीसम्बन्धी समस्या भएका र अक्सिजन लगाएर रिफर गर्नुपर्ने बिरामी दैनिक दुई-तीन जना हुन्छन्", उहाँले भन्नुभयो, "हामीसँग भएको पाँच वर्ष पुरानो एकमात्र एम्बुलेन्स पनि बिग्रिएर दुःख दिन थालेको छ।" पछिल्लो दुई महिनामा एम्बुलेन्स मर्मतमा मात्र रु एक लाख ५० हजारभन्दा बढी खर्च भएको डा लामिछानेले बताउनुभयो । बेनी अस्पतालले बागलुङ, पोखरा, काठमाडौँ,चितवनलगायतकाअस्पतालमा रिफर गर्ने बिरामीलाई त्यहाँ पुग्ने सवारीसाधन पाउन कठिन हुन थालेको छ।आकस्मिक, अक्सिजन लगाउनुपर्ने र हाडजोर्नीबाहेकको समस्या भएका बिरामी ट्याक्सी चढेर अस्पताल जाने गर्छन्। अस्पतालको एम्बुलेन्स बेनी बाहिर गएको र बिरामी धेरै भएको अवस्थामा छिमेकी जिल्ला पर्वतको जलजला गाउँपालिकाको एम्बुलेन्स बोलाउने गरिएको छ।

बेनी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र सुवेदीले नयाँ एम्बुलेन्स उपलब्ध गराउन प्रदेश र सङ्घीय सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा अनुरोध गरिएको बताउनुभयो। लायन्स क्लब, भारतीय दूतावासलगायत दातासँग पनि एम्बुलेन्स उपलब्ध गराउन प्रस्ताव गरिएको सुवेदीले बताउनुभयो। म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना) बेलायतले नेपाल रेडक्रस सोसाइटीको जिल्ला र भुरुङ-तातोपानी उपशाखालाई आठ वर्षअघि उपलब्ध गराएको दुईवटा एम्बुलेन्स बिग्रिएपछि दुई वर्षदेखि बेनी अस्पताल परिसरमा थन्किएका छन्। दरवाङ उपशाखालाई मोनाले दिएको एम्बुलेन्स पनि मालिका गाउँपालिकाको कार्यालय अगाडि थन्क्याएर राखिएको छ।

धवलागिरि, अन्नपूर्ण गाउँपालिका र नेपाल रेडक्रस सोसाइटीको एक/एक एम्बुलेन्स ग्रामीण क्षेत्रका बिरामीलाई सदरमुकाम बेनी ल्याउन व्यस्त हुन्छन्। धवलागिरि गाउँपालिकाले गत वर्ष एम्बुलेन्स सञ्चालन गरेको थियो । रेडक्रस र अन्नपूर्ण गाउँपालिकाले सञ्चालन गरेको एम्बुलेन्स विसं २०७५ मा भारतीय दूतावासले प्रदान गरेको हो। मोना युकेले विसं २०७१ मा उपलब्ध गराएको तीनवटा एम्बुलेन्स मर्मत र सञ्चालनका लागि रु १० लाख ८० हजार दुई सय ८० को एम्बुलेन्स सेवा अक्षयकोष स्थापना गरेको थियो। ग्रीन बैंकको बेनी शाखामा रहेको अक्षयकोषको ब्याजबाट एम्बुलेन्सको बीमा शुल्क तिर्ने गरिएको रेडक्रस सोसाइटी म्याग्दीले जनाएको छ।

# फूलपाती विसर्जन गरी समापन गरियो स्वस्थानी व्रत

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ माघ**

होटेल संघ पोखराले नेपालको हवाई क्षेत्र सुरक्षित, भरपर्दो र व्यवस्थित बनाउन आग्रह गरेको छ।

पौष शुक्ल पूर्णिमादेखि सुरु भएको एक महिने स्वस्थानी व्रत आइतबार रातभर जाग्राम बसी आज बिहान पवित्रस्थलमा फूलपाती विसर्जन गरेर समापन भएको छ।

पौष शुक्ल पूर्णिमादेखि नै सुरु गरिएको स्कन्द पुराण अन्तर्गतको केदार खण्डको माघ माहात्म्यमा कुमार र अगस्त्यबीच भएको संवाद(लाई स्वस्थानी कथाका रुपमा भन्ने र सुन्ने क्रम पनि आइतबार बेलुकी नै समापन गरी वर्तालु रातभर जाग्राम बसेका थिए । जाग्रामपछि आज बिहान एक महिनासम्म स्वस्थानी देवी(लाई चढाइएको फूलपाती नजिकको नदी, ताल, तलाउ वा पोखरीमा लगी सेलाउने व्रत विधि छ । विधिपूर्वक एक महिने व्रत गरेका वर्तालुले माघ शुक्ल पूर्णिमाका दिन आइतबार एक सय आठ जनै, एक सय आठ सुपारी, एक सय आठ पान, एक सय आठ फूल, एक सय आठ रोटी, एक सय आठ अक्षता विभिन्न थरीका फलफूल, धूप, बत्ती, नैवेद्य, श्रीखण्ड, रक्तचन्दन, सिन्दूर, वस्त्र, भेटी चढाई व्रतको कामना पूर्ण होस् भनी भग(वतीलाई अर्घ्य दिइन्छ । चढाइएका प्रसादमध्ये सबैबाट आठ/आठ पति(लाई, पति नभए छोरालाई र छोरा पनि नभए मीत छोरालाई एवम् मीत छोरा पनि नभएमा कामना सिद्ध होस् भनी नजिकको पवित्र नदीमा लगी बगाउने व्रत विधि छ। आफू बसेको स्थानकी देवीको पूजा गर्नु नै स्वस्थानी पूजा हो । उत्तरायणपछिको समय ध्यान, योग साधनाका लागि उपयुक्त भएकाले स्वस्थान अर्थात् आफ्नो आत्मामा सम्पर्कको अभ्यास गर्नुलाई स्वस्थानी भनिएको विश्वास पनि छ। यसका लागि पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्मको समय राम्रो मानिन्छ । सुवर्ण वर्णकी, त्रिनेत्रधारी, प्रसन्न मुद्रा भएकी, कमल र सिंहासनमा बसेकी, चार हात भएकी देवीलाई स्वस्थानी देवी भनिन्छ। स्वस्थानीको चार हातमध्ये पहिलो हातमा नीलक(मल, दोस्रो हातमा खड्ग, तेस्रो हातमा ढाल र चौथो हातमा वरदमुद्रा लिएकी देवी स्वस्थानी हुन् भनी व्रतकथामा उल्लेख गरिएको छ । यस्ती देवीको विधिपूर्वक व्रत गरेमा बिछोड भएका जोडीको पुनर्मिलन हुन्छ भन्ने विश्वास छ। रोग व्याध लागेको भए ठीक हुने र पति वा पत्नीका रुपमा कसैलाई इच्छा(एको भए प्राप्त हुने कथा समेत प्रचलित छ। सत्य युगमा हिमालय पर्वतकी पुत्री पार्वतीले महादेवलाई पति पाऊँ भनी विष्णुको निर्देशानुसार स्वस्थानीको व्रत गरेको कथा स्वस्थानीमा वर्णन गरिएको छ। व्रतपछि बिछोडमा परेका नाग नागिनीको समेत पुनर्मिलन भएको कथामा उल्लेख छ। गोमा ब्राह्मणीले सप्तऋषिले सिकाएको व्रतविधि अनुसार गर्दा पुत्र वियोगबाट मुक्ति मिलेको र व्रतकै प्रभावले छोरा नवराज लावण्य देश हालको साँखु क्षेत्रको राजा भएको कथा समेत स्वस्थानीमा वर्णन गरिएको साँखुको ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक र पर्यटकीय विषयमा अनुसन्धानरत इतिहासकार प्रकाश श्रेष्ठ 'सक्व' ले जानकारी दिनुभयो। उपत्यकाको पूर्वी भेगस्थित शालिनदीमा पौष शुक्ल पूर्णिमादेखि सुरु भएको माधवनारायण व्रत पनि आज बिहान स्नानलगायत कर्म गरी समापनको तयारी गरिएको श्री माधवनारायण स्वस्थानी व्रत तथा शालिनदी सुधार समितिले जनाएको छ।

# गैँडाकोटमा राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिता हुँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ माघ**

होटेल संघ पोखराले नेपालको हवाई क्षेत्र सुरक्षित, भरपर्दो र व्यवस्थित बनाउन आग्रह गरेको छ।

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोट नगरपालिकामा 'दोस्रो गैँडाकोट मेयर कप राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिता-२०७९' हुने भएको छ। यही माघ २६ देखि आगामी फागुन १ गतेसम्म गैँडाकोट-९ मा रहेको नवजागरण ग्रामीण विकास केन्द्रको आयोजनामा प्रतियोगिता हुन लागेको हो।

केन्द्रका अध्यक्ष रामचन्द्र सापकोटाले नवप्रतिभावान् खेलाडीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको जानकारी दिनुभयो। उहाँले संस्थाका नाममा खेल मैदानको जग्गा प्राप्ती, मैदानको संरक्षणका लागि तटबन्धनलगायत पूर्वाधार विकासमा काम गर्न भने बाँकी रहेको बताउनुभयो । नगरप्रमुख मदनभक्त अधिकारीले प्रतियोगिताले गैँडाकोटको चिनारीलाई उजागर गर्ने बताउनुभयो।प्रतियोगिताले गैँडाकोटसहित देशभर राष्ट्रियस्तरका खेलाडी उत्पादनमा सघाउ पुग्ने विश्वास व्यक्त गर्दै नगरप्रमुख अधिकारीले प्रतियोगिताका लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । प्रतियोगिताका निर्देशक एवं नवलपुर जिल्ला क्रिकेट सङ्घका अध्यक्षसमेत रहनुभएका गैँडाकोट-९ का वडाध्यक्ष धामनाथ सापकोटाले प्रतियोगिता गैँडाकोटको गौरवको विषय भएको बताउनुभयो । उहाँले नेपाल क्रिकेट सङ्घमा आबद्ध छिमेकी जिल्लालाई आधार बनाइ टोली छनोट गरिएको बताउनुभयो । प्रतियोगिताको विजेताले उपाधिसहित रु दुई लाख तथा उपविजेताले रु एक लाख ५० हजार प्राप्त गर्नेछन् । त्यस्तै प्रतियोगितामा म्यान अफ द सिरिजलाई रु १० हजार, इमर्जिङ प्लेयरलाई रु सात हजार, बेस्ट ब्याट्स म्यान, बेस्ट बलर, बेस्ट किपर र बेस्ट फिल्डरलाई रु पाँच/पाँच हजार तथा हरेक दिन घोषित हुने म्यान अफ द म्याचलाई रु एक हजार पाँच सय प्रदान गरिने आयोजकले जनाएको छ। प्रतियोगितामा नवलपुर, तनहुँ, कास्की, स्याङ्जा, पर्वत, बागलुङ, नवलपरासी र चितवन गरी आठ टोलीको सहभागिता रहने जनाइएको छ।

# गोल्डेन एथलेटिक्स मिट प्रतियोगिता : तेज र निशा सर्वोत्कृष्ट

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ माघ**

गोल्डेन एथलेटिक्स मिट प्रतियोगितामा पुलिसका तेजबहादुर कार्की र लुम्बिनी प्रदेशकी निशा चौधरी सर्वोत्कृष्ट खेलाडी चुनिएका छन्। एथलेटिक्स परिवार नेपालद्वारा आयोजित प्रतियोगितामा कार्की र चौधरी सर्वोत्कृष्ट खेलाडी चुनिएका हुन्।

त्रिपुरेवरस्थित दशरथ रङ्गशा(लाको प्राङ्गनमा आज सम्पन्न प्रतियोगिताको पाँच हजार मिटर पुरुष दौडमा एपीएफका सञ्जीव नेपाली पहिलो भए। उनले निर्धारित दुरी १५ मिनेट ५३ दशमलव ३ सेकेन्डमा पूरा गरे। पुलिसका सन्तोष नाथ योगी १५ मिनेट ५६ दशमलव ६ सेकेन्डको समय निकाल्दै दोस्रो र पुलिसकै प्रकाश सिंह १६ मिनेट २ सेकेन्डको समयको साथ तेस्रो भए।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १९ गाँडापारीमा सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः भारती भवन गाँडापारी भूजेलथर सडक निर्माण
स्थानः पोखरा–१९, गाँडापारी, कास्की
योजना सम्झौता मिति : २०७९/०९/०३ गते
योजना सुरु भएको मिति : २०७९/०९/०५ गते
योजना सम्पन्न मितिः २०७९/१०/१९ गते
योजनाको कुल लागत : रु. ११,११,१११।–
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,००,०००।–
जन सहभागितावाट : रु.१,११,१११।–
उपभोक्ता समिति अध्यक्षः पार्वती रेग्मी मोः ९८४६१४९७१२
उपाध्यक्षः मिनादेवी पौडेल, सचिवः दान बहादुर भूजेल, कोषध्यक्षः देवकी पौडेल सदस्यः रुद्र बहादुर भूजेल, राम बहादुर भूजेल, हरि बहादुर भूजेल

**भारती भवन गाँडापारी भूजेलथर सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-१९, गाँडापारी**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः वि. स. २०२६/०७/१६ गते

स्वर्गारोहण : वि.स. २०७९/१०/२१ गते

**स्वः प्रकाश गुरुङ**

यस बाझापाटन मिलन मार्ग टोल विकास संस्थाका शुभचिन्तक तथा बाझापाटन मिलन मार्ग महिला समूहकी सदस्य प्रेम कुमारी गुरुङकी छोरा सुमी गुरुङको पति एवम् प्रशान गुरुङ, पुजा गुरुङ, एलिना गुरुङका पुजनीय पिता तथा दो प्रसाद गुरुङ, अनिता गुरुङको दाजु **प्रकाश गुरुङ**को ५३ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामी अत्यन्त मर्माहत भएका छौं। यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

सम्झना कार्की
अध्यक्ष तथा
**बाझापाटन मिलन मार्ग महिला समूह**

रामराज सिग्देल
अध्यक्ष तथा
**बाझापाटन मिलन मार्ग टोल विकास समिति**